# ३० भदौबाट चाडपर्वलक्षित सुपथ पसल

## खाद्य व्यवस्था कम्पनीले विभिन्न ४६ वटा जिल्लामा सहुलियत मूल्य पसल सञ्चालन गर्ने, साल्ट ट्रेडिङले उपत्यकामा तीनवटा घुम्ती पसलसहित १५ स्थानमा सहुलियत मूल्य पसल राख्ने






**खाद्य कम्पनीका सूचना अधिकारी माधव मिश्र भन्छन्–**
दसैँलक्षित १५ सय खसी-बोका र तीन सय च्यांग्रासमेत खरिद गर्ने निर्णय भएको छ। उपभोक्तालाई अन्य खाद्यान्न पनि छुट मूल्यमा उपलब्ध गराइनेछ।

**अजित अधिकारी**/नयाँ पत्रिका

चाडपर्वमा खाद्यान्नलगायत उपभोग्य वस्तुको कृत्रिम मूल्यवृद्धिलाई रोक्ने उद्देश्यसहित सरकारले ३० भदौबाट सुपथ मूल्य पसल सञ्चालन गर्ने भएको छ। खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसनमार्फत सुपथ मूल्य पसल सञ्चालन गर्ने भएका हुन्।

खाद्य र साल्ट ट्रेडिङले सुपथ मूल्य पसलबाट बिक्री हुने चामल, दाल, गहुँ, चिनी र गेडागुडीमा पाँच रुपैयाँ तथा चिउरा, आँटा, पिठो, मैदा, खानेतेलमा सात रुपैयाँ प्रतिकिलो छुट दिने भएका छन्। खाद्य संस्थानसँग मात्र रहेको कर्णालीका रैथाने उत्पादनहरू जुम्ली मार्सी चामल, कागुनो, चिनो, सिमी, उवा र तितेफापरमा १० रुपैयाँ छुट दिइने भएको छ। जिरा, धनियाँ, चियापत्ती र जिउँदो खसी-बोका तथा च्यांग्राको मूल्यमा पनि १० रुपैयाँ प्रतिकिलो छुट दिइने खाद्य कम्पनीका सूचना माधव मिश्रले जानकारी दिए। खाद्य व्यवस्था कम्पनीले विभिन्न ४६ वटा जिल्लामा सहुलियत मूल्य पसल सञ्चालन गर्ने जनाएको छ।

सूचना अधिकारी मिश्रका अनुसार दसैँलक्षित १५ सय खसी-बोका र तीन सय च्यांग्रासमेत खरिद गर्ने निर्णय भएको छ। 'उपभोक्ताले खाद्य कम्पनीको वेबसाइटमार्फत खसी-बोका र च्यांग्रा अर्डर गर्न सक्नुहुन्छ,' उनले भने। निजी कम्पनीको सहकार्यमा संस्थानले उपभोक्ताको घरसम्मै खसी-बोका र च्यांग्रा लगिदिने व्यवस्था मिलाएको छ।


साल्ट ट्रेडिङ कर्पोरेसनले काठमाडौं उपत्यकामा तीनवटा घुम्ती पसलसहित १५ स्थानमा सहुलियत मूल्य पसल सञ्चालन गर्ने जनाएको छ। कम्पनीले नुनमा प्रतिकिलो दुई रुपैयाँ छुट दिने भएको छ। अहिले आयोनुनको बजार मूल्य २५ रुपैयाँ छ।




## बजार अनुगमन टोली पनि बढाइयो

### अहिले दैनिक पाँच टोली खटिएर खाद्यान्न, लत्ताकपडा, माछामासुलगायतको निरीक्षण हुँदै



**भरतप्रसाद आचार्य**
सूचना अधिकारी

काठमाडौंसहित देशभर अनुगमनलाई तीव्रता दिन उपभोक्ता संरक्षण समितिको बैठक बसेर निर्णय भइसकेको छ। अनुगमनलाई तीव्रता दिने विषयमा थप निर्णय गर्दै छौँ।

वाणिज्य आपूर्ति तथा उपभोक्ताहित संरक्षण समितिले चाडपर्वलक्षित अनुगमन थालेको छ। विभागका सूचना अधिकारी भरतप्रसाद आचार्यले यो साताको सुरुबाटै दैनिक पाँच टोलीसम्म अनुगमनमा खटाइरहेको बताए। 'काठमाडौंसहित देशभर अनुगमनलाई तीव्रता दिने विषयमा उपभोक्ता संरक्षण समितिको बैठक बसेर निर्णय भइसकेको छ,' उनले भने। बुधबार दिउँसो केन्द्रीय अनुगमन समितिको बैठक बसेर चाडपर्वलक्षित अनुगमनलाई तीव्रता दिने विषयमा थप निर्णय गर्ने तयारी भएको उनले बताए।

विभागले काठमाडौंमा र विभागमातहतका पाँच क्षेत्रीय कार्यालय, जिल्ला प्रशासन कार्यालय र स्थानीय तहमा रहेको बजार संरक्षण अधिकृतमार्फत अनुगमनलाई तीव्रता दिन थालिएको उनले बताए। विभागले खाद्यान्न, माछा-मासु, लत्ताकपडा, फेन्सीलगायतका सामग्रीलाई प्राथमिकता दिएर अनुगमन गरिरहेको उनले बताए।

'अहिले दैनिक २५ देखि ३० वटासम्म पसलमा अनुगमन भइरहेको छ। जनशक्ति थपेर आउँदा दिनमा थप संख्यामा अनुगमन विस्तार गर्छौं,' उनले भने। गुणस्तर र अधिकतम खुद्रा मूल्यलाई कडाइका साथ लागू गर्ने गरी बजार अनुगमनकेन्द्रित हुने उनले जानकारी दिए।

# यो वर्ष ३५ प्रतिशत स्याउ उत्पादन घट्ने अनुमान

## गत वर्ष करिब २० हजार मेट्रिकटन स्याउ उत्पादन भएको जुम्लामा यो वर्ष १३ हजार मेट्रिकटन उत्पादन हुने प्रक्षेपण



जुम्लामा **मानदत्त रावल**

जुम्लाको मुख्य आम्दानीको स्रोत स्याउ उत्पादनमा यो वर्ष निकै गिरावट आउने देखिएको छ। गत वर्ष १९ हजार आठ सय मेट्रिकटन स्याउ उत्पादन भएको जुम्लाबाट निर्यात मात्र नौ हजार तीन सय मेट्रिकटन भएको थियो। गत वर्ष किसानले स्याउ बगैँचामै प्रतिकेजी ६०-६५ रुपैयाँमा स्याउ बिक्री गरेर ६१ करोड आम्दानी गरेका थिए। तर, यो वर्ष बढीमा १३ हजार मेट्रिकटन मात्रै स्याउ उत्पादन हुने अनुमान गरिएको छ। यसमध्ये ४५ सय मेट्रिकटन स्याउ निर्यात गरेर ४५ करोड आम्दानी हुने अनुमान गरिएको कृषि विकास कार्यालय जुम्लाले जनाएको छ।

स्याउ उत्पादन कम भए पनि मूल्य भने वृद्धि भएको कृषि विकास कार्यालय जुम्लाका प्रमुख रामभक्त अधिकारीले बताए। गत वर्ष किसानले बगैँचामै प्रतिकेजी ६०-६५ रुपैयाँ पाएका थिए भने यस वर्ष ७०-८० रुपैयाँमा बिक्री भइरहेको उनको भनाइ छ। जिल्लाको ४४ सय हेक्टरमा स्याउखेती भइरहेको छ।

सिँजा गाउँपालिका- ५ का रामसिंह रावलको बगैँचामा फल दिने स्याउका बिरुवा १२ सयवटा छन्। यस वर्ष उनको बगैँचामा सात टन स्याउ उत्पादन हुने अनुमान गरिएको छ। उनको बगैँचामा दुई-चारजना स्याउ व्यापारी पुगिसकेका छन्। तर, निरन्तर बर्सातका कारण उनले स्याउ टिप्न पाएका छैनन्। गत वर्षभन्दा कम उत्पादन भएपछि उनले प्रतिकेजी ८०-८५ रुपैयाँमा स्याउ बिक्री गर्ने योजना बनाएका छन्। गत वर्ष उनले प्रतिकेजी ७० रुपैयाँमा बिक्री गरेका थिए। उनले गत वर्ष आठ टन स्याउ कैलाश कोल्डस्टोरमा राखेर माघ महिनाको अन्तिमसम्म बिक्री गरेका थिए। उनले कात्तिकमा प्रतिकेजी एक सय १० र माघमा प्रतिकेजी एक स य ३० रुपैयाँमा बिक्री गरेको बताए। तर, यस वर्ष सिजनमै स्याउ बिक्री गर्ने योजना बनाएका छन्। उनले भने, 'स्याउको मार्केट जुम्लामा छैन। बाहिर ठुलो सहर सुर्खेत, नेपालगन्ज पोखरा, काठमाडौं विराटनगर लैजानुपर्छ। सडक सहज छैन। छोटो दूरीको बाटो पनि छैन। कोल्डस्टोरबाट सहजै पुऱ्याउन सकिने गाडी पनि छैन। किसान र व्यापारीले जोखिम मोलेर कोल्डस्टोरमा राख्न मान्दैनन्।'

असिनाले यस वर्ष स्याउमा ठुलो क्षति गरेको छ। करिब पाँच लाख बिरुवामा असिनाले क्षति गर्दा १६ करोडको स्याउ नोक्सान भएको अनुमान छ। यहाँ १५ लाख किलो स्याउ भण्डारण गर्ने कोल्डस्टोर तयार भएको छ। तर, किसानले कोल्डस्टोरमै स्याउ नराखेर सिजनमै सबै स्याउ बिक्री गर्ने गरेका छन्। कैलाश जनरल स्टोरका सञ्चालक देउऋषि चौलागाईंका अनुसार कोल्डस्टोरमा स्याउ राखेबापत तीन महिनाको प्रतिकेजी पाँच रुपैयाँ भाडा लाग्छ। उनले भने, 'सिजनमै सस्तो मूल्यमा स्याउ बिक्री गर्ने, तर कोल्डस्टोरमा राखेर बहुमूल्यमा बिक्री गर्दैनन्। यस विषयमा किसानले बुझेकै छैनन्। भदौ महिनामै सबै स्याउ बिक्री गरेर असोज-कात्तिकमा स्याउ खोजेर नपाइने अवस्था छ।'

Government of Nepal
Ministry of Physical Infrastructure and Transport
Department of Roads
Roads Division Damak

**Invitation of Bids**

Notice Number: 5-2082/83
(Date of Publication:- 2082-05-18(3rd Sep 2025)

1. Roads Division Damak invites electronic bids from duly registered eligible national bidders for the following Works under National Competitive Bidding Procedure.

| S. N. | Contract Identification Number | Description and Location of Work | Average Annual Construction Turnover, NRs, Millions | Specific Experience Requirements | Bid Capacity NRs, Million | Bid Document Fee (NRs) | Bid Security Amount (NRs) | Bid Validity Period / Bid Security Validity Period | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | RD-DMK/ 33701169-4/ 2082/83-32 | Blacktopped Road Construction Works including related Structural Works along Gaurigunj road- Ayurvedik Aspatal -Shiv mandir, Sonapur Sadak, Jhapa | 40.00 | As Stated in Section III Evaluation and Qualification Criteria of Bid Document | 21.00 | 5,000.00 | 6,50,000.00 | 90 days / 120 days | Single Stage Two Envelope Bidding Procedure |
| 2 | RD-DMK/ 33701169-4/ 2082/83-33 | Blacktopped Road Construction Works including related Structural Works along Deurali Santapur Bich Gau Hudai Thutebar Jodne Sadak, Buddhashanti-06, Jhapa. | 40.00 | | 21.00 | 5,000.00 | 6,50,000.00 | 90 days / 120 days | |
| 3 | RD-DMK/ 33701169-4/ 2082/83-34 | Blacktopped Road Construction Works including related Structural Works along Panthapada Hulaki Margadekhi Dakshin Janghe Piller Hudai Puraba Dakshin Khayarbari Sadak, Jhapa | 30.00 | | 17.00 | 5,000.00 | 5,10,000.00 | 90 days / 120 days | |
| 4 | RD-DMK/ 33701183-4/ 2082/83-35 | Blacktopped Road Construction Works including related Structural Works along Kamal Ga. Pa. Sitapuri Jeewan chowk hudai Pragati Chowk samm Sadak, Jhapa | 129.00 | | 70.00 | 5,000.00 | 21,50,000.00 | 90 days / 120 days | |
| 5 | RD-DMK/ 33701183-4/ 2082/83-36 | Blacktopped Road Construction Works including related Structural Works along Gaurigunj Gauradaha 8, Kankai Hyachari Dakshin Thekitola Sudhanbhitta, Baguwa Beldangi Pashim Hukkaganchi Sadak Gauriganj 2,3 and 4, Jhapa | 52.00 | | 28.00 | 5,000.00 | 8,60,000.00 | 90 days / 120 days | |
| 6 | RD-DMK/ 33701183-4/ 2082/83-37 | Blacktopped Road Construction Works including related Structural Works along Gaurigunj gyankunj school dekhi Laldigi Tajpuriya tol, Baisi tol Karki Danda hudai Petrol Pump Jodne Sadak , Gaurigunj 3, Jhapa | 40.00 | | 21.00 | 5,000.00 | 6,50,000.00 | 90 days / 120 days | |

2. Details of Bid & Information to Deposit the Bid Security Amount (In Case of Cash Deposit)

| | | | |
|---|---|---|---|
| Last date of Submission | 2082-06-21 (07th Oct 2025) Time:- 12:00 hrs | Name of Bank | Rastriya Banijya Bank Ltd, Bhadrapur, Jhapa |
| Date of Bid Opening | 2082-06-21 (07th Oct 2025) Time:- 12:15 hrs | Account Name | Ko. Le. Ni. Ka. Jhapa |
| Pre-bid meeting | 2082-06-12 (28th Sep 2025) Time:- 11:00 hrs | Deposit Account No. | 2210100102030000 |

3. Information to Purchase the Bidding Document

| Name of the Bank | Name of the Office | Office Code No. | Office Revenue Account No. | Office Revenue Head No. |
|---|---|---|---|---|
| Rastriya Banijya Bank Ltd, Damak, Jhapa | Roads Division Damak, Jhapa | 337011201 | 1000200010000 | 14229 |

4. Electronic bids must be submitted through PPMO's portal www.bolpatra.gov.np/egp.
5. Roads Division Damak reserves the right to reject or accept or cancel any bid partially or in full, without assigning any reason,whatsoever.

### अर्थमन्त्री र विश्व बैंकका उपाध्यक्ष जुटबिच भेट

# उच्च आर्थिक वृद्धि हुने गरी सहयोग गर्ने प्रतिबद्धता



**काठमाडौं**/ विश्व बैंकका दक्षिण एसिया क्षेत्र हेर्ने उपाध्यक्ष जोहानेस जुटले नेपालमा उच्च आर्थिक वृद्धि हुने गरी विश्व बैंकले सहयोग गर्ने बताएका छन्। उनले विश्व बैंकले लुम्बिनी, काठमाडौं उपत्यकाको सहरी पूर्वाधार, वातावरणीय प्रदूषण न्यूनीकरण र आर्थिक वृद्धिका लागि सहयोग गर्ने भन्दै निजी क्षेत्रलाई पनि साथमा लिएर अघि बढ्नुपर्ने धारणा व्यक्त गरे।

अर्थमन्त्री विष्णुप्रसाद पौडेल र विश्व बैंकका दक्षिण एसिया क्षेत्र हेर्ने उपाध्यक्ष जुटबिच भएको भेटमा उनले यस्तो बताएका हुन्। अर्थ मन्त्रालयमा भएको भेटमा अर्थतन्त्र, सहरी भौतिक पूर्वाधार, लगानी, पर्यटन, वातावरणलगायतका विषयमा छलफल भएको थियो। अर्थमन्त्री पौडेलले गत वर्षको तुलनामा अर्थतन्त्रका सूचकहरूमा उल्लेखनीय सुधार आएको जानकारी दिँदै नेपालले नीतिगत, संरचनागत, निर्णय र कार्यान्वयन प्रक्रियामा सुधार गरेको बताए। उनले विश्व बैंकले आगामी ६ वर्षका लागि तयार पारेको कन्ट्री पार्टनरसिप फ्रेमवर्क नेपालमा विकासको आवश्यकता र सरकारको प्राथमिकतासँग तादात्म्य रहेको उल्लेख गर्दै फ्रेमवर्कअनुसारका आयोजना तथा कार्यक्रम तर्जुमा गर्न सरकार विश्व बैंकसँग मिलेर काम गर्न चाहेको बताए। अर्थमन्त्री पौडेलले वैकल्पिक विकास वित्त परिचालन विधेयक प्रतिनिधिसभाबाट पारित भई राष्ट्रिय सभामा छलफलमा रहेको जानकारी गराए। विधेयक पारित भएसँगै निजी क्षेत्रसँग मिलेर प्रतिफल दिने आयोजनाहरूमा लगानी गर्ने बताए। उनले विधेयकको लक्ष्यअनुसार अघि बढ्न विश्व बैंकबाट सहयोगको अपेक्षा गरे।

उपाध्यक्ष जुटले नेपालको अर्थतन्त्रका परिसूचकहरू सुधार हुनु सकारात्मक भएको उल्लेख गर्दै नेपालका लागि लगानी अझ बढाउन जरुरी भएको बताए। उनले वैकल्पिक विकास वित्त परिचाननसम्बन्धी कानुन बनेसँगै पूर्वाधार क्षेत्रमा लगानीका लागि थप नयाँ क्षेत्रहरू पहिचान हुन सक्ने विश्वास व्यक्त गरे। निजी क्षेत्रको लगानी आकर्षित गर्न र आर्थिक वृद्धिका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सहयोग पुऱ्याउने बताए। उनले लगानी र उत्पादकत्व वृद्धिमा केन्द्रित हुन पनि सुझाव दिएका थिए।

# सुदूरपश्चिममा लगानी गर्न सिएनआईलाई मुख्यमन्त्रीको आग्रह



**काठमाडौं**/ सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले सुदूरपश्चिममा हुन गइरहेको लगानी सम्मेलनमा सहभागी भएर उच्च सम्भावना भएका क्षेत्रमा लगानी गर्न नेपाल उद्योग परिसंघलाई आग्रह गरेका छन्। प्रदेशमा लगानी भित्र्याउन उद्योगीहरूको संस्था परिसंघलाई नेतृत्वदायी भूमिका निर्वाह गर्नसमेत उनले आग्रह गरेका हुन्।

सोमबार परिसंघका पदाधिकारीसँग भएको छलफलमा मुख्यमन्त्री शाहले लगानीमैत्री वातावरण बनाउन, सोहीअनुरूप कानुनी एवं नीतिगत सुधार गर्न र लगानीको सुरक्षा गर्न प्रदेश सरकार प्रतिबद्ध रहेको बताए। उनले जग्गा खरिद गरी उद्योग स्थापना गर्न नसक्ने लगानीकर्ताको भनाइप्रति समर्थन जनाउँदै प्रदेश सरकारले उद्योग स्थापनाका लागि आवश्यक जग्गासहित उद्योग स्थापना गर्ने स्थानसम्म बाटो, बिजुली, पानीलगायतका पूर्वाधार बनाइदिने प्रतिबद्धतासमेत व्यक्त गरे।

परिसंघका अध्यक्ष वीरेन्द्रराज पाण्डेले सुदूरपश्चिम प्रदेश सरकारले आयोजना गर्न लागेको लगानी र विकास सम्मेलन सफल बनाउन परिसंघले सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे। उनले मुलुकको समग्र आर्थिक विकासका लागि निजी क्षेत्रको लगानी बढ्नुपर्ने आवश्यकता औँल्याउँदै लगानीमैत्री वातावरण, कानुन तथा नीतिगत सहजता भए प्रदेशमा लगानी आउने बताए। परिसंघका पूर्वअध्यक्ष हरिभक्त शर्माले जग्गा खरिद गरी लगानी गर्न नसकिने स्पष्ट पार्दै प्रदेश सरकारले सहज एवं छिटो प्रक्रिया अवलम्बन गरे, लगानी ल्याउने प्रतिबद्धता व्यक्त गरे।